# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, वैशाख ६ गते २०३१ साल [ संख्या २

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

**अस्पताल विकास समिति (गठन) आदेश, २०३०**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ –

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यस आदेशको नाम "अस्पताल विकास समिति (गठन) आदेश, २०३०" रहेको छ ।

(२) यो आदेश पचास शय्या वा सोभन्दा बढी शय्या भएको सरकारी अस्पतालमा लागू हुनेछ ।

(३) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः– (१) समितिले प्राप्त गरेको चन्दा र सहायता रकमबाट अस्पतालको भवन सुविधा र सेवाको विकास गर्नको लागि यो आदेश लागू हुने प्रत्येक अस्पतालको निमित्त तत् तत् अस्पताल विकास समिति (यसपछि विकास समिति भनिएका) गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा श्री ५ को सरकारले आवश्यक ठानेको बखत नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम अध्यक्ष लगायत ३ देखि ५ सदस्यहरू रहनेछन् ।

(३) श्री ५ को सरकारले आवश्यक सम्झेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्य संख्यामा थपघट गर्न वा सदस्यलाई हेरफेर गर्न सक्नेछ ।

(४) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः– (१) दफा २ को उपदफा (१) बमोजिम अस्पतालको विकास गर्नको लागि प्रचलित कानूनबमोजिम चन्दा र सहायता प्राप्त गर्न र सो प्राप्त गरेको रकम उपयोग गरी अस्पतालको विकास गर्न समितिको अधिकार र कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालन गर्नको लागि समितिले निम्नलिखित कामहरू गर्नेछ–

(क) अस्पतालको विस्तार, निर्माण, मर्मत गर्ने,

(ख) अस्पतालले प्रदान गर्ने सेवा, सञ्चालन सुधार र विस्तारको लागि आवश्यक नयाँ साधन र सुविधाको व्यवस्था गर्ने र त्यसको प्रयोग गर्ने गराउने व्यवस्था गर्ने र

(ग) उपरोक्त कामहरूको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

४. समितिको कोषः– (१) समितिको एउटा कोष हुनेछ ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

५. समितिको लेखा र लेखापरीक्षणः– समितिको हिसाब किताब श्री ५ को सरकारद्वारा स्वीकृत स्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ र समितिको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

६. समितिको निर्णय र आदेश प्रमाणित गर्नेः– समितिको निर्णय र आदेश समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

७. नियमहरूमा स्वीकृति लिनु पर्नेः– समितिले आफ्नो कार्य सञ्चालनको लागि बनाएको नियमहरू श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयको स्वीकृति लिई लागू गर्नेछ ।

८. यो आदेश लागू नहुनेः– निर्माण, विस्तार वा सञ्चालनका सम्बन्धमा कुनै विदेशी सरकार वा संस्थासंग श्री ५ को सरकारको सम्झौता भएको अस्पतालहरूका हकमा यो आदेश लागू हुने छैन ।

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको सचिव

१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गोरखा अस्पतालको विस्तारको निमित्त गण्डकी अञ्चल, गोरखा जिल्ला, रानीस्वारा गाउँ पञ्चायत वडा नं. १ बोक्सेपानी अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व रानीस्वारा गा. पं. बराहतर्फ जाने मूल बाटो र नेउपानेको घरतर्फ जाने गोरेटो बाटो, पश्चिम बोक्सेपानी खोल्सी, उत्तर रानीस्वारा गा. पं. जाने मूल बाटो, दक्षिण मुक्तिनाथ-को जग्गा यति चार किल्लाभित्रको मालपोत रू. २३।४० (तेईस रूपैयाँ चालीस पैसा) लाग्ने माटो मुरी ३६ को जग्गा कित्ता - - - - - - - - - - - - - - १

आज्ञाले-
हरिहरजंग थापा
श्री ५ को सरकारको सचिव

९९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।